# सुरक्षित प्रवास तथा मानव बेचबिखन समाधानका लागि
# भारत नेपाल क्षेत्रीय सम्वाद कार्यक्रम
# घटना प्रतिवेदन

## पृष्ठभूमि

नेपालबाट भारत लगायत अन्य खाडी मुलुकहरुमा नेपाली युवा र कामदारहरुको असुरक्षित बसाई सराई नेपाल सरकारको ठूलो चुनौतीको विषय बनेको छ । त्यसैगरी उच्च शिक्षा हासिल गर्न जाने उद्देश्यले युरोप, अमेरिका, अष्ट्रेलिया, क्यानडा लगायतका अन्य देशहरुमा हुने बसाइ सराईले पनि त्यस्तै  चुनौतिहरु थपेको छ । यसले गर्दा नेपालले बर्षेनी उत्पादशिल उमेरका युवा  र कुसल बौंद्धिक जनसंख्या गुमाई रहेको छ ।  अदक्षताका कारणले नेपाली मजदुरहरु भारत तथा खाडी देशहरुमा बसाई सर्दा थुप्रै समस्याहरु भोगीरहेका छन, जस्तै श्रम अनुसार प्रयाप्त सुविधाको कमी, मालिहरुबाट हुने मानसिक तथा शारीरिक हिंसाको शिकार आदि । अहिले नेपाल अवैधानिक कार्यहरु बालबालिका, युवा, महिला तथा मानव वेचबिखन, बेश्यावृति, अंग बेचविखनको स्रोत, ट्रान्जित र गन्तव्य देशको रुपमा परिचित भइरहेको छ । नेपालमा प्रयाप्त रोजगारीका अवसरको कमी र गन्तब्यका देशहरुमा उच्च तलव तथा आम्दानीको सम्भावनाले गर्दा नेपाली कामदारहरु विदेशिन  बाध्य भएका छ ।

नेपालमा श्रम आप्रवासको लागि गरीने कानूनी प्रक्रियाहरु ढिलो र महंगो भएको कारणले गरिव, समुदायका कामदारहरु बैदेशिक रोजगारीको लागि अबैधानिक र अबैध बाटोहरु अपनाउने गरेका छन् । जसले विदेशमा यात्रा गर्नका लागि उचित कागज बनाएका हुदैनन् र मनोरञ्जनको क्षेत्रमा प्रयोग हुने महिला तथा बालबालिकाहरु अक्सर  विभिन्न जटिलताहरु भोग्रे गरेका छन् । उनिहरुले मालिकको शोषणमा पर्ने गरेका  छन तर कानूनि प्रक्रिया तथा कानूनी उपचार वा क्षतिपूर्तिको दावी गर्न सकिराखेका छैनन् । नेपाल र मित्र राष्ट्र भारत विचमा खुला सीमाना रहेको छ । जसका कारणले नेपालको ग्रामिण क्षेत्रका अधिकांश जनसंख्या रोजगारीका र मौसमी श्रम कार्यको लागि भारत जाने गरेका छन भने भारतबाट पनि श्रमिकहरु नेपाल आउने गरेका छन । यसरी बसाईसराइ गर्दै गर्दा पारिवारीक बसाईसराई पनि हुने गरेकाले बालबालिकाहरु अप्ठेरो र  जोखिममा पर्ने गरेका छन् । यी बालबालिकाहरु आफ्नो स्कुलको पढाईलाई निरन्तरता दिन सक्दैन । विचमै स्कुल छोड्नुपर्ने वाध्यता भएको छ । एकतिर उनिहरु शोषणको जोखिममा छन् भने अर्कोतिर दुबै देशका बालबालिकाहरु जोखिमयुक्त खतरनाक तथा अबैधानिक कार्यहरुमा प्रयोग  हुने गरेका छन् । खुल्ला सीमाका कारण दुवै देशका अपराधिक मानसिकताका मानिसहरुको लागि महिला तथा बालबालिकाहरुलाई मनोरञ्जन तथा यौन जन्यकार्यहरुमा लगाउन र शोषण गर्न सहज भएको छ । उनिहरुमा सचेतनाको कमीका कारण आफ्नो अधिकारको बारेमा पनि अनजान छन । यस्तो प्रकारको कार्यको रोकथामका लागि कतिपय नीतिहरुको अभाव रहेको छ भने दुवै देशका सरकारहरुले केही नीतिहरु बनाएको भएपनि कार्यान्वियन र अनुगमनको कमी रहेका छ । दुवै देशका सरकारसँग यस्तो असुरक्षित बसाइसराइको एकिन तथ्यांक राख्ने प्रणाली नै छैन । त्यसकारण महिला तथा वालवालिकाहरु तस्करीको सिकार हुने गरेका छन । दुइ देश विच आप्रवासी व्यवस्थापनका लागि साझा नीतिहरु बन्न सकेका छैनन् । बसाईसराई गर्दा चाहिले आवश्यक कानूनी कागजको अभावका कारणले तस्करहरुलाई सजिलो भएको छ । विदेश जाने आम समुदायलाई बाहिर जानका लागि आवश्यक कानूनी प्रक्रियाका बारेमा जानकारीको अभाव रहेको छ । त्यसैले नेपाल र भारत विचमा सुरक्षित बसाइसराइ र मानव बेचविखन लगायत अबैधानिक ओसारपसार कार्य नियन्त्रणका लागि  सम्वाद र नीतिगत सहजिकरण हुन आवश्यक छ ।

## नेपाल भारत क्षेत्रीय संवादको उद्देश्यः

यस क्षेत्रिय संवादको मुख्य उद्देश्य  सुरक्षति बसाईसराई र तस्करीको सामना गर्नको लागि नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारकालाई प्रमाणमा आधारित नीति निर्माणको सिफारिस गर्न  बिभिन्न निर्णायक तहका अधिकारी,  कानुन कार्यान्वयन

गर्ने अधिकारी,  नागरिक समाज तथा संगठन, खोज तथा अनुसन्धान गर्ने सँस्था लगायत अन्य सरोकारवालाहरुको संयुक्त साझा मंच तयार हुने ।

यस संवादको विशिष्ठ उद्देश्यहरु यस प्रकार रहेका छन्:

- नेपाल र भारत दुबै देशका निर्णयकर्ता, कानून निर्माता, कानून कार्यान्वयन अधिकारीहरु सहित बहु सरोकारवाला निकायहरु, नागरिक समाज तथा संगठनहरु, अनुसन्धान गर्ने संस्थाहरुलाई सुरक्षित प्रवासको मुद्दामा छलफलका लागि साझा प्लेटफर्म सिजर्ना गर्ने ।
- अन्तर देशिय क्षेत्रिय  संबादले दुवै देशका नीति निर्माता, निर्णयकर्ता, प्रदेश सरकारका अधिकारीहरु, नागरिक समाज तथा समुदायमा आधारित संघ संस्थाहरु, र अभियन्ताहरुलाई सुरक्षित प्रवासको सुनिश्चितताामा देखिएका चुनौति, अवसर, सिकाई र अनुभवहरु आदान प्रदान गर्ने साझा प्लेटफर्मको अबसर मिल्ने ।
- यस क्षेत्रीय संवादले नेपाल र भारतीय सीमाबीच सुरक्षित प्रवासको प्रबर्धन  गर्नका लागि दुवै देशका सरकारहरुलाई संलग्न गरी तस्करीको सामना गर्न सहयोग पुर्याउने छ ।
- संवाद कार्यक्रमले तस्करीको संचालन बिधि (Modus operandi of trafficking), पुनःस्थापना र तस्करीको शिकार भएका व्यक्तिहरुको सुरक्षित स्वदेश फिर्ता गर्ने सम्बन्धी सरकारहरुको नीति निर्माण, संशोधनमा सहयोग गर्ने छ ।
- संवादले सुरक्षित प्रवास र मानव तस्करीको क्षेत्रमा रहेको नीतिगत समस्या र सम्भावनाहरुको पहिचान गर्ने र समस्या समाधानका लागि योजना निर्माणमा सहयोग पुर्याउने छ ।

## क्षेत्रीय संवाद  गोष्ठीको ढाँचाः

सुरक्षित प्रवास तथा मानब बेचबिखन समाधानका लागि नेपाल भारत क्षेत्रिय संबाद गोष्ठी मिति २०८१ माघ २८ गते लुम्बिनी सांस्कृतिक नगरपालिका लुम्बिनी नेपालमा संचालन भएको थियो । क्षेत्रीय संवाद कार्यक्रम, GIZ को आर्थिक तथा प्राविधिक सहयोगमा बेस संस्थाले सञ्चालन गरेको थियो । उक्त कार्यक्रम Association of Voluntary Action (AVA) India को समन्व र Just Rights for Children in India र Just Rights for Children in Nepal को सहकार्यमा  संचालन भएको थियो । कार्यक्रम मुख्य गरी नेपाल र भारतबीचमा हुनेगरेको मानव तस्करी विरुद्ध सम्भावित संयुक्त प्रयास र सुरक्षित प्रवासका लागि बैचारिक छलफल, सहकार्य गर्ने गरी तयार गरिएको थियो । यस संवाद कार्यक्रम उद्घाटन सत्र, प्यानल छलफल सत्र र समापन  सत्र गरी तिन सत्रमा विभाजित गरीएको थियो । यस कार्यक्रममा लुम्बिनी प्रदेश मुख्य मन्त्रि; पूर्ब मुख्य मन्त्रि; सामाजिक विकास मन्त्रि; संघीय प्रतिनिधि सभा सदस्य; रास्ट्रिय महिला आयोग सदस्य;  लुम्बिनी प्रदेश योजना आयोग उपाध्यक्ष;  प्रधानमन्त्री कार्यालय मानव अधिकार तथा अन्तरास्ट्रिय बिभाग प्रतिनिधि;  महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय; मानव बेचबिखन नियन्त्रण बिभाग प्रतिनिधि;  रास्ट्रिय वाल अधिकार परिषद प्रतिनिधि;  नेपाल प्रहरी प्रतिनिधि;  सशस्त्र प्रहरी बल प्रतिनिधि;  लुम्बिनी प्रदेश बिभिन्न मन्त्रालयका सचिब,  उपसचिव तथा प्रतिनिधिहरु;  लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख तथा प्रतिनिधि;  जिल्ला प्रशासन कार्यालय रुपन्देही प्रतिनिधि; लुम्बिनी टेक्नोलोजिकल विश्वविद्यालयका उपकुलपति;  लुम्बिनी प्राबिधिक विश्वविद्यालयका रजिस्टार;  जस्ट राइट्स फर चिल्ड्रेन इन भारतका बिभिन्न संजालका प्रतिनिधिहरु;  जस्ट राइट्स फर चिल्ड्रेन इन नेपालका प्रतिनिधि; सेवानिबृत उत्तरप्रदेश भारत आइपीयस अधिकारी;  नेपाल नगरपालिका संघका प्रतिनिधि;  गैरसरकारी सँस्था महासंघका प्रतिनितिधि;  लुम्बिनी प्रदेश युवा परिषदका प्रतिनिधि;  GIZ  का प्रतिनिधि;  UNICEF का प्रतिनिधि;  बिभिन्न राष्ट्रिय तथा अन्तरास्ट्रिय गैरसरकारी संघसँस्थाका प्रतिनिधिहरु;  नेपाल पत्रकार महासंघका प्रतिनिधि;  बिभिन्न संचारकर्मीहरु; विदेशबाट प्रत्यक्षरुपमा दुख,  समस्या भोगेर आएका पात्रहरु र मुख्य आयोजक बेस सँस्थाका पदाधिकारी प्रतिनिधि तथा कर्मचारीहरु गरी जम्मा 141 जनाको सहभागिता रहेको थियो ।

### १.  उद्घाटन सत्र  :

बेस सँस्थाका संस्थापक अध्यक्ष तथा लुम्बिनी प्रदेशका पूर्ब मुख्यमन्त्रि श्री डिल्ली बहादुर चौधरीको अध्यक्षता  र लुम्बिनी प्रदेश मुख्य मन्त्रि श्री चेत नारायण आचार्यको मुख्य आतिथ्यतामा उद्घाटन सत्र संचालन भएको थियो । यस गोष्ठीको तिनवटै सत्र,  लुम्बिनी विकास कोषका सूचना तथा जनसम्पर्क प्रमुख डा.  हरिध्वज राई र वरिष्ठ सम्बादकर्ता सुशील बस्तेतले सहजीकरण गर्नुभएको थियो । यस कार्यक्रममा बेसका कार्यकारी निर्देशक चुर्ण बहादुर चौधरीले स्वागत मन्तब्य दिनुभएको थियो भने बेसका कार्यक्रम निर्देशक पिंकी डाँगी द्वारा सम्पूर्ण अतिथिहरुलाई मायाको चिनोको रुपमा इन्डोरप्लान बितरण गरिएको थियो ।

GIZ का परामर्शदाता डा.  प्रकाश भटराईले सुरक्षित प्रवास र मानब बेचबिखनको बारेमा पावरप्वाइन्ट प्रस्तुतिकरण गर्नुभएको थियो । उहाँले नेपाल भारतको सिमाक्षेत्रको बसाईसराइको सन्दर्भ र अवस्था;  नेपाल-भारत बसाईसराइ तथा तस्करीका मुख्य प्रवृति र ढाँचा;  गन्तब्य र पारवहनको अबधिमा आइपर्ने मुख्य समस्याहरु;  र समस्या समाधानका (way forward) सम्भावित उपायहरुको बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

त्यसपछि विदेशबाट प्रत्यक्षरुपमा दुख, समस्या भोगेर आएका दुइजना पात्र डम्बर बहादुर बुढाथोकी (मलेसिया बाट फर्केर आएका) र अर्का सन्तु चौधरी (कुबेत बाट फर्केर आएका) ले आफ्नो विचार राखेका थिए । तिनीहरुले आफुले प्रवासमा भोगेका समस्या, साहुहरुबाट भोगेका हिंसा तथा चेतनाको कमीका कारण म्यानपावर कम्पनिले गरेको छली, आफ्नो अदक्षताका कारण प्रयाप्त सेवा सुविधाहरु नपाएको, समयमा पाउनुपर्ने रकम पाउन नसकेको लगायतका समस्याबारेमा पिडा पोखेका थिए। उनिहरुले सरकारले सुरक्षित प्रवासको व्यवस्था मिलाउन; सीप विकास सम्बन्धी तालिमको व्यवस्था गर्न र देशमै रोजगारीको अवसरको सिर्जना गर्न सुल्झाएका थिए। तिनीहरुले दुख पाएका समस्याका बारेमा मुखरित गर्न नसकेपनि तिनीहरुको भावबिह्वालताले समस्या झेलेको सपस्ट झल्किएको थियो ।

मुख्य मन्त्रि चेत नारायण आचार्यले आफ्नो सम्बोधन भाषणमा "नेपाल भारत बिच भाइचाराको सम्बन्ध छ, एक आपसको सस्कृति, भाषा, चेलीबेटी विवाहबारीको सामिप्यता छ । रोजगार र व्यापारव्यवसायको लागि एकअर्काको देशमा बसोबास गरिरहेकाछन् । त्यसैले त नेपालले भारतमा काम गर्न जाने नेपालीलाई बिदेशमा गएको मान्दैन । एक ठाउँ बाट अर्को ठाउँमा बसाई सर्नु मानवहरुको नैसर्गिक अधिकार हो । एक ठाउँको मान्छे अर्को ठाउँमा गएर रोजगार गर्नु, आयआर्जन गरी जीवनयापन गर्न पाउनु मानव अधिकार हो । तर एक ठाउँ बाट अर्को ठाउँमा बसाईसराइ गर्दैगर्दा बेचबिखनमा पर्नु भएन । प्रत्यक्ष अप्रत्यक्षरुपमा मानव बेचबिखन भएको तथ्यांकमा देखिन्छ । यस किसिमको मानव बेचबिखनको न्यूनीकरण गर्न, निर्मुल पार्न यस गोष्ठीले निष्कर्ष निकाल्नेछ र उक्त निष्कर्ष अनुसारको सल्लाह, सुझाव र सिफारीसमा लुम्बिनी प्रदेश सरकारले नियमकानुन, रणनीति र कार्यक्रम बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।" उहाँले थप्नुभयो "गरिबी र अशिक्षाको कारणले मानव बेचबिखन गर्ने गिरोहले फाइदा उठाई रहेकाछन । मानव बेचबिखनको पेशालाई सिमाक्षेत्रमा खोलिएको होटेल व्यवसायले पनि टेवा दिईराखेका छन् । यी होटेलहरुलाई नियमन गर्न र निगराणी राख्न जरुरी छ" भन्नुभयो । उहाँले, "बेस सँस्थाले लामो समय देखि मानवीय विकास क्षेत्रमा काम गरिरहेको; कमैया प्रथा उन्मुलनमा अग्रणी भूमिका खेलेको; वालविबाह मुक्ति अभियानमा ठुलो भूमिका निभाएको कुरा मुक्तकण्ठले प्रशंसा गर्नुभयो ।" उहाँले "लुम्बिनी प्रदेशमा मातृमृत्यु दर; मानव बेचबिखनको घटना सबै प्रदेश भन्दा बढी भएकोले यस क्षेत्रमा पनि बेसले महत्वपूर्ण भूमिका खेलेको प्रसंग जोड्दै अब सबै सरोकारवाला एक ढिक्का भएर मानव बेचबिखन बिरुद्ध कार्य गर्न सबैलाई आह्वान पनि गर्नु भयो ।"

उद्घाटन सत्रमा संघीय प्रतिनिधि सभा सदस्य श्री आशा बि.क.; रास्ट्रिय महिला आयोगकि सदस्य श्री कृष्ण कुमारी पौडेल (खतिवडा); लुम्बिनी प्रदेश नेपाल नगरपालिका संघका फोकल पर्सन श्री दामोदर ज्ञवाली र भारत उत्तर प्रदेश, सेवा निवृत्त महानिर्देशक पूर्ब आइपियस अधिकारी श्री ओपी सिङले पनि मन्तब्य राख्नु भएको थियो ।

## २. प्यानल छलफल सत्र

प्यानल छलफल सत्र तिन भागमा बिभजन गरिएको थियो । पहिलो सत्रको बिषयबस्तु "सिमापार आप्रवासन र मानव बेचबिखनका मुद्दाहरु" थियो भने दोस्रो सत्रको बिषयबस्तु "मानव बेचबिखन बिरुद्ध सुरक्षित आप्रवासन प्रबर्धन गर्न राम्रो अभ्यास र समाधान" र तेस्रो सत्रको बिषयबस्तु "मानव ओसारपसार बिरुद्ध लड्न र सुरक्षित बसाईसराइको आगामी मार्ग तय गर्ने" रहेको थियो । प्यानल छलफलको तिनै सत्रमा ४/४ जना प्यानलिस्ट वक्ताहरु थिए ।

प्यानल छलफल सत्रको सुरुवातमा "असुरक्षित आप्रवासन विरुद्धको संस्थागत व्यवस्था" भन्ने शिर्षकमा लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयकि वरिष्ठ उप-सचिव शारदा बस्याल ज्युले पावर प्वाइन्ट प्रस्तुति गर्नु भयो । निजको प्रस्तुतिमा

मानव बेचबिखन तथा ओसारपसारका कारणहरु; मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि नेपालमा संस्थागत संरचनाको व्यवस्था र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि सल्लाहसुझाब तथा सिफारीस समेटिएको प्रस्तुतीकरण थियो र प्यानलमा बोल्ने प्यानिलिस्टहरुको **अभिव्यक्ति अनुसूची २ मा छ ।**

**२.१ प्यानल छलफलको पहिलो सत्र** : "सिमापार आप्रवासन र मानव बेचबिखनका मुद्दाहरु" भन्ने बिषयबस्तुमा चार जना वक्ता (१) चिरन्जीवी बराल, अध्यक्ष, रास्ट्रिय सन्जाल अन सेफ माइग्रेसन (२) इन्दु रानी सिंह, निर्देशक, प्रयास जेएसी सोसाइटी भारत (३) जनार्दन जी.सी., यस.यस.पि., नेपाल प्रहरी (४) विमला पौड्याल, उपसचिव, कानुन बिभाग ले प्यानिलिस्टको रुपमा आफ्ना अभिव्यक्ति ब्यक्त गर्नुभएको थियो ।

**प्यानिलिस्टहरुको अभिव्यक्ति र सहभागीहरुसँगको छलफलको आधारमा सिमापार आप्रवासन र मानब बेचबिखनका मुद्दाहरु** (Issues) **यस प्रकार रहेको देखियो ।**

- अन्य देशमा श्रम स्विकृक्त लिएर जानुपर्ने प्रावधान छ तर भारतमा श्रम स्वीकृति लिनुपर्ने प्रावधान छैन ।
- अन्य देशको प्रवासमा मृत्य भएमा १० लाख क्षेतिपूर्ति र १३ लाख बिमा सुबिधा दिने प्राबधान छ तर भारतको प्रवासमा मृत्यु हुनेलाई कुनै क्षेतिपूर्ति वा सुबिधा दिईदैन । यसमा संरचनागत विभेद देखिन्छ ।
- नेपाल भारतमा खुल्ला सिमाना भएकोले अन्य देशमा गैरकानुनीरुपमा आप्रवासनको लागि बाहिरिदा भारत हुदै जाने प्रवृति छ । यसले गर्दा प्रवासीहरु ठगि र बेचबिखनमा पर्ने गर्दछन ।
- बैदेशिक रोजगारको ठगि मुद्दा मेलमिलाप बाट छिनोफानो गराउनाले ठगिको प्रवृतिले अझ बढावा पाएको देखिन्छ ।
- नेपाल भारत विचको सीमानाबाट मानव बेचविखन तथा तस्करीको कार्यहरु, असुरक्षित आप्रवासनको समस्या अत्यधिक रहेको छ ।
- असुरक्षित आप्रवासनको घटना बढीरहेकोले भारत सरकारले मानव बेचबिखन तथा ओसारपसार कार्य अनुगमन (Tracking) को लागि विद्युतीय प्रवेशस्द्वार (E-Portal) को व्यवस्था गरेको छ तर नेपाल सरकारले विद्युतीय प्रवेशद्वारको व्यवस्था गरेकोछैन ।
- उद्दार गरिएका महिला तथा बालबालिकाहरुको सुरक्षाको समस्याहरु देखा परेका छन् । संघ संस्थाहरुले बेचबिखनमा परेका महिला तथा वालवालिकाहरुलाई उद्दार गरेर ल्याएपनि स्थायी रुपमा कसलाई आधिकारीक रुपमा बुझाउनु पर्ने हो त्यसमा समस्या आउने गरेको छ । कतिपय उद्दार गरेका महिला तथा बालबालिकाहरुलाई कानूनी प्रक्रियाका लागि अदालत सम्म लगेपछि नेपाल फर्काउँन खोज्दा कानूनी जटिलताहरु रहेकाछन् भने कतिपय नेपालबाट भारत तर्फ फर्काउनु पर्ने पिडितहरुलाई पनि त्यस्तै समस्या रहेको छ ।
- विदेशमा जाने सबै जनाले भिसा र श्रम स्वीकृति लिएर जाँदैनन । भिसा लिने र श्रम स्विकृत लिएर विदेश जानेहरुको मात्र सरकारको रेकर्डमा हुन्छ ।
- विदेश जाने मान्छेले एउटा सिप सिकेको हुन्छ तर रोजगार अर्को लाइन तिर पाएको हुन्छ । अर्थात सिप अनुसारको रोजगार पाउदैन ।
- नेपाल भारतको सिमा क्षेत्रमा मानव बेचबिखनको अभिलेखीकरण बिभिन्न संघसंस्थाले फरक फरक ढंगले गरेका छन् । अभेलेखिकरणमा एकरुपता नभएकाले **integrated data management and tracking system** बनाउन सकिएको छैन ।
- अहिलेको अवस्थामा श्रममा पठाउने, व्यवस्थापन गर्ने, सीप विकास गर्ने तथा श्रम नियमण गर्ने सम्बन्धी कानूनकै अभाव रहेको छ ।

- घरभित्र काम गर्ने बालिकाहरु भिक्टिम भएको कसैलाई थाहै हुदैन तर जब तिनीहरुलाई विश्वास दिलाएर कुरा खोतल्यौ भने मात्र तिनीहरु भिक्टिममा परेको कुरा थाहा हुन्छ ।
- यस क्षेत्रमा काम गर्ने संघसँस्था, निकायहरुसँग राम्रा अभ्यासहरु धेरै छन् तर यसलाई एकआपसमा सेरिंग गर्ने फोरमको कमि छ ।
- नीति अनुसार छनौटको प्रक्रिया पुरा गरेका लाई मात्र कामदारको रुपमा चित्रीत गरेको कारणले खुला रुपमा बाहिर देश जाने श्रमिकको तथ्यांक नै रहेको छैन ।
- ३० बर्ष पुगेको महिलाहरुलाई मात्र बैदेशिक रोजगारमा जान पाउने कानुनी प्राबधान भएकोले ३० बर्ष भन्दा मुनि १९ देखि २९ बर्षका महिलाहरु भारत भएर भिजिट भिसामा जाने गरेका छन् ।
- मानव बेचबिखन तथा ठगीमा परेका पिडितहरुलाई उद्दार तथा राहत दिने नेपालको नीतिगत प्रक्रिया अलि झन्झटिलो र ढीलो रहेको छ ।
- प्रहरी भन्दा मानव ओसारपसार र बेचबिखनमा लाग्ने एजेन्टहरु चलाख छन् । तिनीहरुले प्रहरीले अपनाउने रणनीतिलाई मात गर्ने रणनीति अपनाउछन् ।
- मानव बेचबिखन सम्बन्धि कानुनको कमि न त नेपालमा छ न भारतमा तर कानुनको प्रभाकारी कार्यान्वन नभएर मानव ओसारपसार र बेचबिखनको तथ्यांक बढेकोबढ्यै छ ।
- मानव ओसारपसार र बेचबिखनमा परेका पिडितहरु लुकेर बस्ने तर पीडकहरु खुलेआम हिड्ने अवस्था रहेकोछ ।
- नेपाल र भारत विच साँस्कृति, धार्मिक समानताहरु छन् । दुबै देशमा सुरक्षित आप्रवासन सम्बन्धि समान खालका नीति तथा प्रवाधानहरु छन् । कतिपय राम्रा पनि छन् । दुई देश बिचको सीमा पनि खुल्ला रहेको छ । यसैको फाइदा उठाएर तस्करहरु काम गरिरहेका छन् ।
- नेपालबाट कम्तिमा पनि १.५ देखि २ लाख मानिस भारतमा सिजनल कामको लागि जाने गरेको तथ्यांकमा उल्लेख छ । त्यसैगरी भारत बाट नेपाल आउनेको संख्या पनि अत्याधिक रहेको छ । उनिहरुको सुरक्षाको कुनै गारेन्टी छैन ।
- घरेलु कामदारको रुपमा गएकाहरुको अवस्था झनै खराब छ । उनिहरुको सूचना नै बाहिर आउँदैन । १२ देखि १८ घण्टा सम्म पनि श्रम शोषण हुने गरेकोछ ।
- सीमा बाहिर मात्र होइन देश भित्रै पनि महिला दिदिबहिनीहरु बेचिने गरेका छन् ।

## २.२ प्यानिलिस्ट छलफलको दोस्रो सत्र :

"मानव बेचबिखन बिरुद्ध सुरक्षित आप्रवासन प्रबर्धन गर्न राम्रो अभ्यास र समाधान" भन्ने बिषयबस्तुमा चार जना वक्ता (१) रोजिना श्रेष्ठ, महिला कानुन र बिकासको लागि फोरम (FWLD) (२) मनिष शर्मा, वरिस्ट निर्देशक, एसोसिसन फर भोलेन्टरी एक्सन (AVA) भारत (३) धर्मा अर्याल, उपसचिब, श्रम मन्त्रालयका (४) मिना पौड्याल, उपसचिव (मानव बेचबिखन बिभाग) महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय ले प्यानिलिस्टको रुपमा आफ्ना अभिव्यक्ति ब्यक्त गर्नुभएको थियो ।

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि गरिएका असल अभ्यास; मौजुदा कानुनी व्यबस्था र संस्थागत संरचनाको व्यवस्था यस प्रकार रहेकोछ ।**

- नेपाल सरकारले बेचबिखनमा परि उद्धार गरिएकाहरुलाई पुनर्स्थापनाको लागि कोष संकलन गर्न कानुनले खुल्ला गरेकोछ । जस मुताबिक बागमती प्रदेशले कोषको ब्यबस्था गरिसकेकोछ । तर सुदुरपश्चिमको अछाम तिर

जानकारी नभएको पाइयो र पछि अछामका वडाहरुमा अभिमुखिकरण गर्दा अहिले पुनर्स्थापन केन्द्र खोलिएकोछ ।

- जस्ट राइट्स फर चिल्ड्रेन एउटा नेटवर्क सँस्था हो । यसले भारतको ४०० जिल्लामा २५० वटा सँस्थाहरुसँग मिलेर काम गरिरहेकोछ । यस संस्थाले बाल अधिकार, बाल विवाह बिरुद्ध, वालवालिका ओसारपसार तथा बेचबिखन बिरुद्ध काम गरिरहेकोछ ।
- नेपाल संघियतामा जाँदा कयौं निकायहरु खारेज भए भने कुनैकुनै निकायहरु थपिएका छन् । यो संक्रमणकालिन समयमा मानव बेचबिखन तथा ओसारपसार क्षेत्रमा भनेजस्तो काम हुन सकेको छैन ।
- सरकारले पुनःस्थापना कोषको व्यवस्था गरेको छ । १० वटा उद्दार केन्द्रबाट करिव १५०० पिडितहरुको उद्दार भएको रेकर्ड छ । तर यो तथ्यांक असुरक्षित आप्रवासनको तुलनामा नगन्ने नै हो ।
- ३० देखि ४० लाख नेपाली कामदारहरु अव्यवस्थितरुपमा भारत जाने गरेका छन् । तर यसको एकीन तथ्यांक नेपाल र भारत दुबै देशसंग छैन । भारतबाट नेपालमा कामको लागि आउनेहरुको पनि तथ्यांक छैन । नेपाल सरकारले consumer livelihood सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरेको छ ।
- नेपालमा अन्तराष्ट्रिय अपराध प्रहरी संगठन प्रणाली (Interpol system) व्यवस्थापनका लागि इ विद्युतीय समस्या समाधानका लागि छुट्टै ऐन ल्याउदै गरेकोछ । अहिले पनि नेपाल प्रहरीले Interpol मार्फत समस्यामा परेकोलाई उद्दार, राहत तथा पिडकलाई सजाय दिलाइएको छ । तर यो त्यती सहज छैन । भारतमा भएको बालबालिका, महिला विडित तथा पिडकलाई सुपरदुर्गी गरेर नेपाल ल्याउने अनेकन कानूनी समस्याहरु छन् ।

**नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि निम्न कानुन र नियमावलीहरू लागू छन्:**

1. **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**: यो ऐनले मानव बेचबिखन र ओसारपसार सम्बन्धी अपराधहरूको परिभाषा, सजाय, पीडितहरूको संरक्षण, उद्धार, र पुनर्स्थापनाका लागि कानूनी प्रावधानहरू व्यवस्था गरेको छ ।
2. **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५**: यो नियमावलीले ऐन, २०६४ को कार्यान्वयनका लागि आवश्यक प्रक्रियागत व्यवस्था, पुनर्स्थापना केन्द्रहरूको स्थापना, सञ्चालन, र व्यवस्थापन सम्बन्धी प्रावधानहरू समावेश गरेको छ।
3. **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली, २०७७**: यो संशोधित नियमावलीले २०६५ को नियमावलीमा थप परिमार्जन र सुधार गर्दै नयाँ प्रावधानहरू समावेश गरेको छ।

यी कानुन र नियमावलीहरूले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, पीडितहरूको संरक्षण, र पुनर्स्थापनाका लागि कानूनी ढाँचा प्रदान गर्छन् ।

- नेपालमा संघीय कानुन अन्तर्गत **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४** र यससँग सम्बन्धित नियमावलीहरू लागू छन् । प्रदेश र स्थानीय तहहरूले संघीय कानुनको ढाँचामा आधारित रही आफ्ना क्षेत्रीय आवश्यकताहरू अनुसार कार्यान्वयनका लागि नीति, कार्यक्रम, र कार्ययोजना तयार पार्न सक्छन् । यस क्रममा, प्रदेश र स्थानीय तहहरूले संघीय कानुन र नीतिहरूको पालना गर्दै मानव बेचबिखन नियन्त्रण, पीडितहरूको उद्धार, संरक्षण, र पुनर्स्थापनाका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सक्छन् ।

**नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा संलग्न प्रमुख आधिकारिक संस्थाहरू निम्नानुसार छन्:**

1. **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**: यो मन्त्रालयले मानव बेचबिखन नियन्त्रण, पीडितहरूको उद्धार, संरक्षण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्दछ ।
2. **राष्ट्रिय मानव अधिकार आयोग (NHRC):** यस आयोगले मानव बेचबिखन सम्बन्धी अनुगमन, अनुसन्धान र प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।
3. **नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरो**: नेपाल प्रहरीले मानव बेचबिखन सम्बन्धी अपराधहरूको अनुसन्धान र कानूनी कारबाहीका लागि विशेष ब्युरो स्थापना गरेको छ ।
4. **सामाजिक कल्याण परिषद्**: यस परिषद्ले गैरसरकारी संस्थाहरूलाई दर्ता गर्ने र उनीहरूको क्रियाकलापलाई समन्वय गर्ने कार्य गर्दछ।

यी सरकारी निकायहरूका अतिरिक्त, विभिन्न गैरसरकारी संस्थाहरू (NGOs) पनि मानव बेचबिखन नियन्त्रण र पीडितहरूको सहयोगमा सक्रिय छन् । यी संस्थाहरूले उद्धार, पुनर्स्थापना, कानूनी सहायता, र जनचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

नेपालको संघीय संरचनामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रदेश र स्थानीय तहमा यस क्षेत्रसँग सम्बन्धित प्रमुख संस्थाहरू निम्नानुसार छन्:

1. **प्रदेश सरकारका सामाजिक विकास मन्त्रालयहरू**: हरेक प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालयले मानव बेचबिखन नियन्त्रण, पीडितहरूको उद्धार, संरक्षण, र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्दछ । यी मन्त्रालयहरूले संघीय नीतिहरूको कार्यान्वयन गर्दै प्रदेशस्तरीय रणनीति र कार्यक्रमहरू विकास गर्छन् ।
2. **प्रदेश प्रहरी कार्यालयहरू**: प्रदेश प्रहरी कार्यालयहरूले मानव बेचबिखन सम्बन्धी अपराधहरूको अनुसन्धान र कानूनी कारबाहीमा सक्रिय भूमिका खेल्छन् । नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले प्रदेशस्तरीय कार्यालयहरूसँग समन्वय गरी अपराध नियन्त्रणमा सहयोग पुर्‍याउँछ।
3. **स्थानीय तहका महिला तथा बालबालिका कार्यालयहरू**: नगरपालिका र गाउँपालिकास्तरमा रहेका यी कार्यालयहरूले समुदायमा जनचेतना फैलाउने, जोखिममा रहेका व्यक्तिहरूको पहिचान गर्ने, र पीडितहरूको संरक्षण तथा पुनर्स्थापनामा सहयोग पुर्‍याउँछन् ।
4. **स्थानीय गैरसरकारी संस्थाहरू (NGOs)**: विभिन्न स्थानीय NGOs ले मानव बेचबिखन नियन्त्रण, पीडितहरूको उद्धार, कानूनी सहायता, र पुनर्स्थापनामा महत्वपूर्ण भूमिका खेल्छन्। यी संस्थाहरूले स्थानीय सरकार र समुदायसँग मिलेर काम गर्छन्।

### २.३ प्यानिलिस्ट छलफलको तेस्रो सत्र :

"मानव ओसारपसार बिरुद्ध लड्न र सुरक्षित बसाईसराइको आगामी मार्ग तय गर्ने" भन्ने बिषयबस्तुमा चार जना वक्ता (१) माधब बराल, UNICEF (२) बम बहादुर बानिया, उपाध्यक्ष, रास्ट्रिय बाल अधिकार परिषद (३) ऋषकान्त, कार्यकारी निर्देशक कोशी लोकमंच, भारत (४) विमला कथायत, उपसचिव, कानुन बिभाग ले प्यानिलिस्टको रुपमा आफ्ना अभिव्यक्ति ब्यक्त गर्नुभएको थियो ।

**प्यानिलिस्टको अभिव्यक्ति र सहभागीहरुको छलफलको आधारमा मानव बेचबिखन तथा ओसारपसारको मुद्दालाई सम्बोधन गर्न र नियन्त्रणका लागि यस गोष्ठीबाट निम्न अनुसारका सल्लाह, सुझाव र सिफारीस आएको छ ।**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि दुबै देश नेपाल र भारतले संयुक्त रुपमा छलफल गरी साझा Standard Operation Procedure (SOP) बनाउन जरुरी रहेको छ ।
- सन् १९५० को सन्धीलाई संशोधन गरी सुरक्षित आप्रवासन व्यवस्थापनका लागि Data management and tracking system विकास गरी सो अनुसार एकीकृतरुपमा तथ्यांक संकलन गर्नु पर्छ ।
- सीमा क्षेत्रमा खटिने दुबै देशका सुरक्षा कर्मीहरुबिच नियमित सुरक्षित आप्रवासनको मुद्दाहरुमा छलफल हुन जरुरी छ ।
- असुरक्षित आप्रवासन रोक्नका लागि स्थानीय सरकारलाई नै सवलीकरण गर्नपर्छ र स्थानीय सरकारले आम नागकरिकलाई सचेतना गर्ने; आप्रवासन सम्बन्धि सूचना संकलन गरी आप्रवासनको समस्या समाधान गर्न कल्याणकारी सेवा सम्बन्धी योजना बनाई कार्यान्वियनमा ल्याउनुपर्छ ।
- नेपाल र भारत विच नियमित रुपमा वस्ने गरेको सुरक्षाकर्मीहरुको LCCST बैठकमा नागरिक समाजको उपस्थिति अनिवार्य गर्नुपछ ।
- मानव बेचबिखन तथा ओसार पसार रोकथामका लागि सरकारले नै पुनःस्थापना केन्द्रहरु बनाउन जरुरी छ ।
- जलवायु परिबर्तनको कारण र यसको असरले आन्तरिक तथा बाइह्य बसाईसराइ भैरहेकोछ । यसको लागि बिस्तृत अध्ययन हुनुपर्छ ।
- ३० बर्ष पुगेको महिलाहरुलाई मात्र बैदेशिक रोजगारमा जान पाउने कानुनी प्राबधान रहेकोछ । १९ बर्ष भन्दा माथिका इच्छुक सबै महिलालाई बैदेशिक रोजगारमा जानसक्ने प्राबधान राखी कानून संशोधन गर्नुपर्छ ।
- दुबै देशबीच एकअर्कालाई आरोप प्रत्यारोप गरेर बिवाद गर्नु भन्दा एक अर्कालाई ज्ञान, सीप, अनुभव तथा तथ्य तथ्यांक आदान प्रदान गरी समस्याको समाधान खोज्नु पर्छ ।
- असुरक्षित आप्रसावन रोक्नका लागि, उद्दार र राहतका साथै उनिहरुको सुरक्षा र संरक्षणका लागि दुबै देशबीच सहकार्य र समन्वय गरी लगानी गर्न जरुरी छ ।
- प्रकोपको समयमा मानव बेचबिखन बढी हुने सम्भावनाहरु हुन्छन् त्यस समयमा बुदै देश सजग रहनु पर्छ ।
- नेपालमा सीप दिने देखि सीम परिक्षण गर्ने सम्मका सीप विकास केन्द्रहरु छन् तर समन्वयको अभाव छ । सरकार र सीप विकास केन्द्रको समन्वय हुन जरुरी छ ।
- नेपाल र भारत बिच मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि सुपरदुर्गी सन्धिको लागि नीतिहरु बन्न जरुरी छ । भने नेपाल र भारत बीच यस विषयमा छलफल गरी साझा SOP बनाउन जरुरी छ ।
- कानुनी राज्यमा तस्कर अपराधीहरुलाई कानुनले बाँध्नुपर्छ । मानिसहरुलाई जब सम्म कानुनको डर हुदैन तब सम्म समस्याबाट मुक्त हुन सक्दैन । त्यसकारण policy instrument (कानुनी हतियार) बलियो बनाउनुपर्छ ।
- सरकारी निकाय र गैर सरकारी संघसंस्थाहरु एकअर्कालाई दोषारोपण गर्ने प्रवृति छ । दुवै पक्षले एकअर्काको अस्तित्वको सम्मान गर्नु पर्छ । सहकार्य र समन्वय गरेर collective effort बाट समस्या समाधान गर्नुपर्छ ।
- सरकारको सबै निकाय र संघसंस्थाहरुको role and responsibility निर्धारण गर्नुपर्छ । सो role and responsibility अनुसार जिम्मेवारी बहन गर्नुपर्छ ।
- अन्तरास्ट्रिय एजेन्सी हरुले छोटो समयको परियोजना ल्याएर समस्या उजागर मात्र गर्ने गर्दछन । अन्तरास्ट्रिय एजेन्सी हरुले समस्या उजागर गर्ने मात्र हैन कि समस्या हल हुने गरी दीर्घकालीन long term कार्यक्रम ल्याउनुपर्छ ।
- भारतले राम्रो गरेको कुरा नेपालले copy गर्नु पर्छ र नेपालले राम्रो गरेको कुरा भारतले copy गर्नुपर्छ ।

- नेपाल भारतको सिमानाका सम्पूर्ण नाका रेखाङ्कन (mapping) गरी कुन नाकामा चेकपोस्ट छ, कुनमा छैन सो कुरा पत्ता लगाई चेक पोस्ट नभएका नाकामा चेक पोस्ट राख्ने र भारतले गरे जस्तै नेपालले पनि विद्ध्युतीय प्रवेशद्वार (E-portal) जांच लागु गर्नुपर्छ ।
- नेपाल र भारतमा सांस्कृतिक, धार्मिक समानता भए पनि भाषागत समस्याले नेपालको कुन ठाउँको पीडित हो भन्ने भारतमा काम गर्ने कर्मचारीहरुलाई थाहा हुदैन । उनिहरुको पहिचानका लागि साझा भाषामा परिचयपत्र हुन जरुरी छ ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि जागरण अभियानमा सन्चार क्षेत्रको पनि ठुलो भूमिका रहने भएकोले संचार क्षेत्रलाई पनि अभियानमा जोड्न जरुरी छ ।

**मानब बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि सल्लाह, सुझाव तथा सिफारिसका अलावा यस किसिमको गोष्ठी संचालन गर्नको लागि पनि सल्लाह सुझाव आएको थियो जो यस प्रकार रहेकोछ ।**

- प्यानल छलफल को पहिलो सेसन पावरप्वाइन्ट प्रस्तुतीकरण भए जस्तै बाँकि दुइ वटा सेसन पनि प्रस्तुतिकरण भएको भए राम्रो हुने थियो ।
- यस गोष्ठीमा way out को बारेमा recommendation कम आएकोले report बनाउदा यो पनि ध्यान दिनुपर्छ ।
- Best practice मा राम्रा उल्लेखनिय कुरा आएको देखिएन । त्यसैगरि प्यानल छलफलको तिनवटै सेसन मा एकअर्का बिषयबस्तुमा बुंदाहरु मिचमाच आएको देखियो । त्यसैले प्यानिलिस्टका वक्ताहरुलाई पूर्व तयारीको लागि बोल्ने बिषयबस्तुमा पूर्ब जानकारी गराउनुपर्छ ।
- यस गोष्ठीमा नेपालबाट सरकारी र गैरसरकारी दुवै निकाय बाट सहभागीहरुको उपस्थिति थियो तर भारत बाट गैरसरकारी निकायको उपस्थिति मात्र भयो । आगामी आयोजना गर्ने नेपाल भारत संयुक्त गोष्ठीहरुमा दुवै देशका सरकारी र गैरसरकारी दुवै निकायका सहभागी हुन आबस्यक हुन्छ ।

**३. समापन कार्यक्रमः**

सुरक्षित प्रवास तथा मानव बेचबिखन समाधानका लागि भारत नेपाल क्षेत्रीय संवाद कार्यक्रमको समापन सत्रको अध्यक्षता बेस संस्थाका संस्थापक अध्यक्ष तथा लुम्बिनी प्रदेशका पूर्व मुख्य मन्त्री माननीय डिल्लीबहादुर चौधरीले गर्नुभएको थियो । भने कार्यक्रमको विशिष्ट अतिथिको रुपमा लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री माननीय जन्मजय तिमिल्सीना रहनुभएको थियो ।

समापन कार्यक्रममा गैर सरकारी संस्था महासंघ लुम्बिनी प्रदेशकी अध्यक्ष जीत कुमारी बेलबासे; नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाई; जस्ट राइटस फर चिल्ड्रेन भारतका राष्ट्रिय संयोजक रवी कान्त; लुम्बिनी प्राविधिक विश्वविद्यालयका उपकुलपति प्रा. डा. विनोद प्रसाद ढकाल; लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले कार्यक्रमको समिक्षा तथा टिप्पणी गर्नु भएको थियो ।

लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सीनाले समापन मन्तब्यमा "नेपाल भारतको सहकार्य स्राह्नीय छ नेपाल भारतको चेलिबेटीको सम्बन्ध छ । संस्कार पनि एकार्कासंग मेल खान्छ । लुम्बिनी प्रदेश सरकार यस बिषयमा जोरदाररुपमा कार्य संचालन गर्ने जमर्को गरेकोछ । हामीले भौतिक विकासलाई ठुलो विकास मान्ने गर्छौं, मानवीय विकासलाई कम प्राथमिकता दिन्छौं तर मानबिय बिकासको प्रगति बिना भौतिक विकासले महत्व राख्दैन । अबको माग

प्रविधिसंग जोडेर विकासलाई अघि बढाउन जरुरी छ । नयाँ पिंढीको रुची पनि प्रविधिमा छ । भारतले समस्यामा परेका नेपाली नागरिकहरुलाई उद्दार गरेर नेपाल पठाउने कार्य गरेको छ । त्यसका लागि भारत सरकारलाई धन्यवाद दिन चाहन्छु विकासलाई प्रविधिसँग जोडेर अगाडी बढ्नु पर्ने बेला आएको छ । सीमा क्षेत्रमा नयाँ प्रविधिहरुको जडान गरी मानव बेचबिखन तथा तस्करीको कार्यहरुमा निगरानी गर्न सकिन्छ जसले गर्दा सुरक्षित आप्रवासन बनाउन सकिन्छ ।

बेसका संस्थापक अध्यक्ष तथा लुम्बिनी प्रदेशका पूर्व मुख्य मन्त्री माननीय डिल्ली बहादुर चौधरीले समापन मन्तब्यमा "हाम्रो एकअर्कालाई दोषारोपण गर्ने प्रवृति छ । सरकारी पक्षले संघसंस्थालाई डलरको खेति गर्ने दोषारोपण गर्छ भने संघसंस्थाहरुले सरकारी पक्षलाई १० टु ५ मात्र बजाउने दोषारोपण गर्छ । आफु संघसंस्थामा लामो अनुभव भएको र सरकारतिर पनि काम गरिरहेकोले दुवै पक्षले एकअर्काको अस्तित्व सम्मान गर्नु पर्छ । सरकारको सबै निकाय र संघसंस्थाहरुको role and responsibility निर्धारण गर्नुपर्छ | सो role and responsibility अनुसार जिम्मेवारी बहन गर्नुपर्छ | अन्तरास्ट्रिय एजेन्सीहरुले long term को कार्यक्रम ल्याउनुपर्छ | अन्तरास्ट्रिय एजेन्सी हरुले समस्या उजागर मात्र नगरी समस्या हल हुने कार्यक्रम ल्याउनुपर्छ | भारतले राम्रो गरेको कुरा नेपालले copy गर्नु पर्छ र नेपालले राम्रो गरेको कुरा भारतले copy गर्नुपर्छ | हामीहरुले Team work मा काम गर्दा समस्या मात्र निकाल्छौ तर समस्याको हल निकाल्नुपर्छ | समस्याको हल निकाल्नलाई नै यस्तो किसिमको गोष्ठी संचालन गर्नुपर्छ | महिला, वालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय नै यस बिषयको कार्यान्यिन गर्ने निकाय हो । यस कार्यान्वन गर्ने निकायलाई अरु मन्त्रालयहरुले के सहयोग गर्नुपर्छ, NGO/INGO हरुले के सहयोग गर्नुपर्छ त्यसको पहिचान गरेर एकअर्काको सह-अस्तित्व स्विकार गरेर सामुहिक प्रयासबाट समस्याको हल हुनसक्छ |" भन्ने कुरा राखेर गोष्ठीको समापन गर्नुभयो ।

### ४. निष्कर्षः

कार्यक्रममा नेपाल र भारतमा हुने असुरक्षित आप्रवासन तथा मानव बेचबिखन समाधानका लागि दुबै देशले संयुक्त संयन्त्र तथा साझा SOP निर्माण गरेर अगाडी वढ्ने सल्लाह र सुझाव आएको छ । शिक्षा, सचेतना र रोजगारीको कमीले गर्दा भारतमा असुरक्षित प्रवास हुने र मानव बेचबिखनको जोखिम बढेको निश्कर्ष निकालिएको छ | नेपाल सरकारले भारतसँग सीमा जोडिएको नाका क्षेत्रमा दुबै देशको समन्वयमा नयाँ प्रविधिहरुको विकास गरी तथ्य र तथ्यांक व्यवस्थापन गर्नुपर्ने सुझाव आएकोछ । मानव बेचबिखन तथा सुरक्षित आप्रवासनको व्यवस्थापनमा सबैभन्दा मुख्य जिम्मेवारी स्थानीय सकारको रहने; आम समुदायलाई सजग गर्नुपर्ने; नेपाल र भारत अन्तरदेशीय संवाद कार्यक्रमलाई निरन्तरता दिनुपर्ने; संवादमा सहभागिहरुले असुरक्षित आप्रवासन र बेचबिखन विरुद्ध नेपाल र भारतमा प्रचलित असल अभ्यासहरुको आदानप्रदान गर्ने र समस्याको पहिचान तथा समाधानका लागि नागरिक स्तरमा मात्र नभएर यसलाई दुबै देशस्तरीय साझा मुद्दा बनाई यसको निराकरण, समाधान र नियमनका लागि साझा संयन्त्र निर्माण गर्न एक साझा SOP तयार गर्न सुझाब आएकोछ । त्यसैगरी सहभागिहरुले नेपाल र भारत दुबै देशमा रहेका आप्रवासी कामदारहरुको एकीन विवरणहरु संकलन र त्यसको विश्लेषणका लागि विशेष योजना तथा कार्ययोजनाहरु बनाउनु पर्ने, जसले गर्दा आगामी दिनमा सुरक्षित आप्रवासन र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि रणनीति बनाउन सरकारलाई सहयोग पुग्ने अपेक्षा गरिएकोछ ।